annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५६ पृष्ठ ८ | काठमाडौं, मंगलबार १० असार २०८२ | आषाढ कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | TUESDAY, JUNE 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

मधेसले भन्छ– 'देशैलाई खुवाउँछु' तर उत्पादन जम्मा १९.२%

देशको कुल गार्हस्थ्य उत्पादनमा मधेसले १३.१६ प्रतिशत योगदान पुऱ्याउँछ। जसमध्ये कृषिको योगदान १९.२ प्रतिशत छ। आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार देशमा धानको कुल आवश्यकता ६० लाख ४२ हजार ३४१ मेट्रिक टन (मेट्रिक टन) रहेको मा मधेसको कुल उत्पादन २७ लाख ७७ हजार ६८३ मेट्रिक टन छ। यसैगरी मकैमा देशको कुल आवश्यकता ३४ लाख ११ हजार ७०७ मेट्रिक टन छ भने मधेसको उत्पादन १ लाख ९० हजार ८१६ मेट्रिक टन छ। गहुँमा देशको कुल आवश्यकता २७ लाख ५२ हजार ९०१ मेट्रिक टन रहेकोमा मधेसको उत्पादन ६ लाख ७४ हजार ३८२ मेट्रिक टन मात्र छ। देशैलाई खुवाउँछु भन्ने नारा 'फिड द नेशन'का साथ अगाडि बढेको मधेस सरकारले बाँकी खाद्यान्नको जोहो कहाँबाट गर्छ र कसरी पूरै देशलाई खुवाउँछ भन्ने स्पष्ट योजना छैन।

समाचार पृष्ठ २

मनिका झा | *जनकपुरधाम*
– को रिपोर्ट



स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय, जेठ २०८२

मधेस प्रदेशमा खाद्यान्न उत्पादनको अवस्था

धान उत्पादन (मे.टन)

कुल आवश्यकता	६०,४२,३४१
आयातको परिमाण	५,५५,८३९
मधेसको उत्पादन	२७,७७,६८३

मकै उत्पादन (मे.टन)

कुल आवश्यकता	३४,११,७०७
आयातको परिमाण	४,३५२१७
मधेसको उत्पादन	१९,०८१६

गहुँ उत्पादन (मे.टन)

कुल आवश्यकता	२७,५२,९०१
आयातको परिमाण	६,५४,४३९
मधेसको उत्पादन	६,७४,३८२

इरानद्वारा कतारस्थित अमेरिकी सैनिक बेसमा मिसाइल आक्रमण

एजेन्सी : इरानले कतारको अल उदीद हवाई बेसमाथि क्षेप्यास्त्र आक्रमण गरेको छ। यो बेसमा अमेरिकी फौज रहेको छ। इरानले यो आक्रमण अमेरिका विरुद्धको जवाफमा गरेको जनाएको छ।

इरानी सेनाका अनुसार उनीहरूले शक्तिशाली क्षेप्यास्त्र प्रयोग गरेका छन्। कतारको सरकार भन्छ, 'आक्रमण भयो, तर कोही घाइते भएनन्।' कतारको हवाई सुरक्षाले धेरैजसो क्षेप्यास्त्र रोक्न सफल भएको बताएको छ।

अमेरिकी दूतावासमा कार्यरत मानिसहरू सतर्क अवस्थामा छन्। उनीहरूलाई सुरक्षित ठाउँमा बस्न भनिएको छ। यो घटनापछि खाडी क्षेत्रको स्थिति झनै तनावपूर्ण भएको छ। कतारले आक्रमणलाई गम्भीर रूपमा लिएको जनाएको छ।

कतारले केही समयअघि आफ्ना नागरिक र पर्यटकहरूको सुरक्षाका लागि भन्दै हवाई क्षेत्र अस्थायी रूपमा बन्द गरेको घोषणा गरेको थियो। त्यसपछि दोहामा रहेको अमेरिकी एयरवेस खतरामा रहेको सूचना सार्वजनिक गरेको थियो।

'स्ट्रेट अफ हर्मुज' बन्द गर्नबाट इरानलाई रोक्न अमेरिकाद्वारा चीनलाई आग्रह

वासिङ्टन डीसी (एजेन्सी) : अमेरिकी विदेशमन्त्री मार्को रुबियोले विश्वको सबैभन्दा महत्वपूर्ण ढुवानी मार्गहरूमध्येको एक 'स्ट्रेट अफ हर्मुज' बन्द गर्नबाट इरानलाई रोक्न चीनलाई आग्रह गरेका छन्।

इरानको सरकारी प्रेस टेलिभिजनले संसद्ले 'स्ट्रेट अफ हर्मुज' बन्द गर्ने योजनालाई अनुमोदन गरेको तर अन्तिम निर्णय सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले गर्ने जनाएपछि उनको उक्त टिप्पणी आएको हो। विशेष गरी चीन इरानी तेलको विश्वको सबैभन्दा ठूलो खरिदकर्ता हो र तेहरानसँग यसको घनिष्ठ सम्बन्ध छ।

तेलको आपूर्तिमा कुनै पनि अवरोधले यसको अर्थतन्त्रमा गहिरो परिणाम ल्याउने जनाउँदै उनले उक्त आग्रह गरेका हुन्। इरानी आणविक स्थलहरूमा अमेरिकी आक्रमणपछि तेलको मूल्य बढेको छ। कच्चा तेलको मूल्य पाँच महिनामा उच्चतम स्तरमा पुगेको छ।

'म बेइजिङमा रहेको चिनियाँ सरकारलाई यसबारे इरानलाई फोन गर्न प्रोत्साहित गर्छु, किनभने उहाँहरू तेलका लागि स्ट्रेट अफ हर्मुजमा धेरै निर्भर हुनुहुन्न', रुबियोले फक्स न्युजसँगको एक अन्तर्वार्तामा भने, 'यदि उनीहरूले स्ट्रेट अफ हर्मुज बन्द गरे भने यो उनीहरूका लागि पनि आर्थिक आत्महत्या सरह हुनेछ।

हामीसँग त्यसको सामना गर्ने विकल्पहरू छन्, तर अन्य देशहरूले पनि त्यसलाई हेर्नुपर्छ। यसले अन्य देशहरूको अर्थतन्त्रलाई हाम्रोभन्दा धेरै नराम्रोसँग हानि पुऱ्याउँछ।' विश्वको करिब २० प्रतिशत तेल हर्मुज स्ट्रेटबाट जान्छ। मध्यपूर्वका प्रमुख तेल र ग्यास उत्पादकहरूले यस क्षेत्रबाट ऊर्जा ढुवानी गर्न जलमार्ग प्रयोग गर्छन्। स्ट्रेट सञ्चालनमा बाधा पुऱ्याउने कुनै पनि प्रयासले विश्वव्यापी तेलको मूल्यलाई आकासियाउन सक्छ।

भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउने सरकारको निर्णय

काठमाडौं (अन्नपूर्ण): सरकारले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वमुख्यसचिव समेत रहेका शंकरदास वैरागीको अध्यक्षतामा उच्चस्तरीय छानबिन समिति बनाउने निर्णय गरेको एक मन्त्रीले बताए। उक्त समितिले ३ महिनाभित्र प्रतिवेदन पेस गर्नुपर्ने छ। यही विषयलाई लिएर रास्वपाले लामो समयदेखि संसद्मा विरोध जनाउँदै आएको छ।



बजेटबाट 'टेक एन्ड पे' शब्द हट्ने तर माग र आवश्यकताका आधारमा मात्रै पीपीए

सुनिता कार्की | *काठमाडौं*

आगामी आर्थिक वर्षको बजेटबाट 'टेक एन्ड पे' शब्द हट्ने भएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को सोमबारको बैठकले संसद्मा प्रस्तुत बजेटबाट आरओआर आयोजनाको विद्युत् खरिद/बिक्री सम्झौता (पीपीए) टेक एन्ड पे (पहिला लेउ अनि मात्र तिर) गर्ने भन्ने व्यवस्था हटाउने सहमति गरेको छ। बैठकमा सहभागी एकमन्त्रीका अनुसार 'टेक एन्ड पे' को ठाउँमा टेक अर पे (लिउ या तिर) पनि समावेश नहुने भएको छ। असार १० गते मंगलबार संसदबाट पारितको तयारी भएको आगामी आर्थिक वर्षको बजेटमा माग र आवश्यकताका आधारमा मात्र पीपीए गर्ने विषय समावेश भएको छ।

'मंगलबार संसद्बाट पारित हुन लागेको बजेटमा पीपीए 'टेक एन्ड पे' वा 'टेक अर पे'मा गर्ने भन्ने उल्लेख छैन। माग र आवश्यकताको आधारमा पीपीए हुन्छ। त्यो जे पनि हुनसक्छ,' ती मन्त्रीले अन्नपूर्णलाई भने। बरु बजेटले प्रसारणलाइन बनाउन निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीति लिएको उनले जानकारी दिए। 'टेक एन्ड पे'मा कांग्रेस सभापति शेरबहादुर देउवाको विशेष चासोपछि मन्त्रिपरिषद् बैठक बस्नु अघि प्रधानमन्त्री केपी शर्मा ओली,



अर्थमन्त्री विष्णु पौडेल, ऊर्जामन्त्री दीपक खड्का र देउवा सम्मेलित बैठक बसेको ऊर्जा मन्त्रालय सचिवालयले जानकारी दिएको छ। 'टेक एन्ड पे' हटाउन देउवाले प्रधानमन्त्रीलाई दबाब दिएको बताइएको छ।

गत जेठ १५ गते प्रस्तुत बजेटले आरओआर (नदी प्रवाहमा आधारित) आयोजनाको पीपीए 'टेक एन्ड पे'मा गर्ने उल्लेख गरेको थियो। सामान्यता अहिले निजी ऊर्जा प्रबर्द्धकका आयोजनाको पीपीए 'टेक अर पे'मा हुने गरेको थियो। बजेटले एक्कासि आरओआरमा 'टेक एन्ड पे'को व्यवस्था गरेपछि निजी ऊर्जा प्रबर्द्धकसँगै निजी क्षेत्र, सरोकारवाला निकाय, सांसद्लगायत चौतर्फी विरोध भइरहेको छ।

स्वतन्त्र ऊर्जा प्रबर्द्धकहरूको संस्था नेपाल इप्पानले सरकारको यो व्यवस्थाको विरुद्ध सांकेतिक आन्दोलन सुरु गरिसकेको छ। 'टेक एन्ड पे'का सम्बन्धमा अर्थमन्त्री, ऊर्जामन्त्री र नेपाल विद्युत् प्राधिकरणले कसरी आएको भन्ने जानकारी नभएको बताउँदै आएका छन्। संसद्मा ऊर्जामन्त्री दीपक खड्काले टाइपिङ मिस्टेक भएको भन्दै यसलाई सच्चाउने बताइरहँदा अर्थमन्त्रीले भने बजेटबाट 'टेक एन्ड पे' नहट्ने बताएका थिए।

प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले पनि प्रसारणलाइन अभावका कारण टेक अर पेमा बिजुली किन्न सक्ने अवस्था नरहेको बताएका थिए। उनले प्रसारणलाइन बनाउन निजी क्षेत्रलाई बाटो खोल्दै पहुँच र बजारका आधारमा 'टेक अर पे' गर्न सकिने बताएका थिए।

इप्पानको तथ्यांकअनुसार विद्युत् विकास विभागबाट आरओआरको लाइसेन्स लिएर काम गरिरहेका १७ हजार ११७ मेगावाट आयोजना छन्, जसमा हालसम्मको लगानी करिब ६६ अर्ब रुपैयाँ छ। यी आयोजना पीपीएको पर्खाइमा छन्। पीपीए भई वित्तीय व्यवस्थापनपछि यी आयोजनाको लगानी करिब ३४ खर्ब पुग्ने इप्पान बताउँछ। निर्माणमा गएका तर पीपीए नभएका करिब २०७८ मेगावाट, निर्माणको आवेदन दिएका ६ हजार ४३६ मेगावाट, सर्भे अनुमति पाएका ५ हजार ७९ मेगावाट र सर्भेका लागि आवेदन दिएका ३ हजार ५२१ मेगावाट गरी १७ हजार ११७ मेगावाट आरओआर आयोजना छन्।

» बाँकी पृष्ठ ६